# अन्नपूर्ण गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
**पोखरेबगर, म्याग्दी**

**गण्डकी प्रदेश,नेपाल**

**पत्र संख्या- २०७७।०७८** **चलानी न.-** मिति :२०७८।२।०५

**<u>सहयोगको आह्वान सम्बन्धी सूचना ।</u>**

कोरोना भाइरसको नयाँ भेरियन्टको महामारी विरुद्ध हामी सबै संघर्षरत छौ । यो भाइरसका कारणले अत्यन्त जोखिमपूर्ण र चुनैतिपूर्ण अवस्था सिर्जना भएको छ । संक्रमणको दर दिनानुदिन बढिरहेको यस विषम परिस्थितिमा मानवीय सेवामा निःस्वार्थ रुपमा खटिनुभएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, सञ्चारकर्मी, समाजसेवी तथा जनप्रतिनिधी वर्गलाई हार्दिक सम्मान व्यक्त गर्दछौ । कोभिड-१९ को कारणले ज्यान गुमाउनुहुने प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै विरामीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

गाउँपालिकामा कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि ५ वेडको अक्सिजन सहितको अस्थायी कोभिड अस्पताल तथा २० वेडको आइसोलेसन वार्ड सञ्चालन गरिएको छ । वडा तथा वस्तीस्तरमा नै स्वाव संकलन गर्ने/एन्टिजिन परिक्षण गर्ने व्यवस्था समेत मिलाइएको छ । पछिल्ला दिनहरुमा अन्नपूर्ण गाउँपालिका भित्रका सबै संक्रमितहरुलाई चिकित्सकको सुझाव अनुसारको औषधी घरदैलोमा निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था गरिएको छ । स्वास्थ्य संस्थामा प्रयाप्त स्वास्थ्य सामाग्रीहरु ( अक्सिजन सिलिण्डर, अक्सिजन फ्लो मिटर, पल्स अक्सिमिटर पि पि ई, औषधी ) लगायतको अभाव भैरहेको छ ।

स्वास्थ्य सामाग्रीको अभावमा कोरोना संक्रमितको अवस्था झन् जटिल हुदै जाने र मृत्युवरण समेत गर्नुपर्ने अवस्था विकराल हुँदै गैरहेको परिस्थितिलाई मध्यनजर गर्दै अत्यावश्यक स्वास्थ्य सामाग्री खरिद एवं व्यवस्थापनको पूर्व तयारी स्वरुप अन्नपूर्ण गाउँपालिकाले आफ्नो प्रकोप व्यवस्थापन कोष मार्फत सहयोग आह्वान गरेको छ । प्राप्त हुने राहत र सहयोगलाई एकीकृत गर्दै स्वास्थ्य सामाग्री खरिद गरी अन्नपूर्ण गाउँपालिकाको कोभिड-१९ अस्थायी अस्पताल र गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा उपलब्ध गराउने उद्देश्यले उक्त कोषमार्फत आर्थिक तथा स्वास्थ्य सामाग्री सहयोगको लागि हार्दिक अपिल गरिएको छ । सहयोग गर्न इच्छुक महानुभावहरुलाई तपसिलको खातामा जम्मा गरी सोको भौचरको प्रति अन्नपूर्ण गाउँपालिकाको इमेल ठेगाना ito.annamun@gmail.com मा जानकारी गराइ सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौ । यसरी यो विपदको समयमा सम्पूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्ति, संघ, संस्था, सरकारी एवं गैरसरकारी संघ संस्था तथा सहयोगी महानुभावहरुमा गाउँपालिकाकोतर्फबाट आर्थिक एवं स्वास्थ्य सामाग्री सहयोगको लागि हार्दिक अपिल गर्दछौ ।

**<u>सहयोगको लागी बैंक खाता न.</u>**

खाताको नाम- अन्नपूर्ण गाउँपालिका प्रकोप व्यवस्थापन कोष खाता

खाता न.- १५४०११०४१२६०००७६

खाता रहेको बैंक- प्रभु बैक लिमिटेड, अन्नपूर्ण शाखा, पोखरेबगर

सहयोगको लागी सम्पर्क नम्बरहरु

१. श्री क्या. डम बहादुर गर्बुजा पुन - अध्यक्ष (9856023055)
२. श्री केशमाया मगर - उपाध्यक्ष (9857683812)
३. श्री सुरण प्रसाद शर्मा पौडेल - प्रमुख प्रशासकिय अधिकृत (9857683810)

.................................

*क्या डम बहादुर गर्बुजा पुन*